# उहाँको अनुग्रहको महिमा

*फ्रियाङ्कलिनद्धारा नोट*

ग्रेस : **जी**–परमेश्वरको **आर–**सम्मन्नता **ए–**मा **सी–**खीष्ट **इ–**खर्च

- सित्तैमा दिइएको, नकिनेको, अयोग्य, अशिष र उपहारहरु
- अनुग्रह– हामी जुन कुराको अयोग्य छौ त्यही दिनुभएको
- दया – हामी जुन कुराको योग्य छौ त्यो चाहिँ नदिनुभएको
- अनुग्रह र दया प्रेमबाट मात्र बहन्छ
- अनुग्रह परमेश्वरको एक चरित्र भएकोले गर्दा, यसलाई परिभाषित गर्न असम्भव छ ।

१. परिचय

एफिसी १:३–६ हाम्रा प्रभु येशू खीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, **–>** उहाँले हामीलाई दिनुभएको सबै आशिषहरुलाई जब हामीले बुझेर धन्यवाद दिन प्रयास गर्छौ तब त्यसले उहाँको प्रशंसा हुँदछ **–>**जसले हामीलाई स्वर्गीय स्थानहरुमा **हरेक आत्मिक आशिषले** खीष्टमा आशीर्वाद दिनुभएको छ । ४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔँ ( उहाँको रगतले यो गऱ्यो) भनेर **संसारको उत्पत्तिभन्दा अधिबाटै उहाँले हामीलाई चुन्नुभयो** । ५ उहाँको इच्छाको लक्ष्यअनुसार खीष्ट येशूद्धारा **प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अधिबाटै** नियुक्त गर्नुभएको थियो (सहि अनुवाद र धर्मपुत्र होइन),६ यस हेतुले कि उहाँले हामीलाई **आफ्ना प्रिय पुत्र येशू खीष्टमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको** प्रशंसा होस् । ७ **उहाँको अपार अनुग्रह अनुसार खीष्टको रगतद्धारा** हामी उहाँमा **उद्धार,** हाम्रा पापको **क्षमा**, पाउँछौ, ८ जुन अनुग्रह उहाँले हामीलाई **प्रशस्त मात्रामा दिनभयो ।**

१. उहाँको अनुग्रहले हामीलाई सबै आत्मिकि बरदानहरुद्धारा **आशिष दिनुभएको छ**

२. उहाँको अनुग्रहले **हामीलाई संसारको जग बसालिन अधिबाट नै चुन्नुभयो**

३.उहाँको अनुग्रहले **हामीलाई उहाँको अधि पवित्र र निष्कलङ्क** तुल्याएको छ

४. उहाँको अनुग्रहले **हामीलाई उहाँका छोरा र छोरीहरु हुनका लागि अधिबाट नै नियुक्त गर्नुभयो**

**५.**उहाँको अनुग्रहले **हाम्रो भयो**

**६.** उहाँको अनुग्रहले **हामीलाई क्षमा दिएको छ**

ग्रीक विशेषनको कालले यो सबै अनन्तको भूतकालमा भएको थियो भनि बताउँछ । यो उहाँको योजना थियो र हो र उहाँ सार्वभौम हुनुभएकोले, त्यो हुनेछ। फिलिप्पी १:६

हामी जो हौं, त्यही छौं, **उहाँको अनुग्रहद्धारा** पूर्णरुपमा एक सय प्रतिसद्ध

र यसको हामीहरुको क्षमता, प्रयास, वा कामहरुसँग केही सरोकार छैन,

**यो नै प्रचार हो – सुसमाचार**

उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस् ।

२. अनुग्रह शक्ति हो

२ कोरिन्थी १२:९–१० तर मलाई उहाँले भन्नुभयो, मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ । यसकारण खीष्टको शक्ति ममा वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढी खुशीसाथ गर्व गर्नेछु । यसकारण खीष्टको खातिर दुर्बलताहरुमा, बदनामीहरुमा, कठीनाइहरुमा, सतावटहरुमा, आपद्हरुमा म सन्तुष्ट रहन्छु । किनकि जब म दुर्बल छु, तब म शक्तिशाली छु ।

- ❖ यस पदले हामीलाई स्पष्ट गराउँछ कि **उहाँको अनुग्रह शक्ति** हो ।
- ❖ मैले उहाँमा गुहार गरेर उहाँको अनुग्रहलाई मागेर कि त **मेरो शक्तिलाई** चुन्नुपर्छ, वा **उहाँकोलाई**, ।

हिब्रू ४:१६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुगह प्राप्त गर्न सकौं ।

२ कोरिन्थी ९:८ परमेश्वरले तिमीहरुलाई हरेक आशिष (शक्ति)प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरुसित सधैं नै हरेक कुरा प्रशस्त होस् र हरेक असल कामको निम्ति तिमीहरुले प्रशस्त मात्रामा दिन सक ।यस पदिले पनि यो बताउँछ कि अनुग्रहमा शक्ति छ ।

- ❖ तिम्रोलागि **पर्याप्त** हुनका लागि **अनुग्रह नै शक्ति** हो र उहाँले तिमीलाई बोलाउँनुभएको सम्पूर्ण सेवकाइको लागि र सम्पूर्ण असल कामहरुका लागि चाहिने सबै आवश्य कुराहरुको **प्रशस्त मात्रमा** हुनु हो ।
- ❖ जसरी येशूले आफ्नो कूस बोक्नुभयो त्यसरी नै तिमीलाई पनि तिम्रो कूस बोकाउँने **शक्ति**
- ❖ येशूले बताउँनुभएको अनुसारको ईसाइ जीउँने **शक्ति**

मत्ती ५:३९–४८ १ पत्रुस २:२१–२४

२ कोरिन्थी ४:७ सर्वश्रेष्ठ शक्ति हाम्रो होइन तर परमेश्वरको हो भनी प्रष्ट पार्न यो धन हामीसित माटोका भाँडाहरुमा छ ।

३. यहाँ यो सबै कसरी सुरु हुन्छ र मिलेर कामहरु गर्छ भन्ने बारेछ :

यूहन्ना ३:१६ परमेश्वरले यस्तो प्रेम गर्नुभयो . . . कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो हामीलाई कसले यस्तो **प्रेम** गर्नुभयो उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति, क्रूसको कष्ट भोग्नुभयो (हिब्रू १२:२) **हामीलाई बचाउँनको लागि ।** **प्रेमले हामीलाई बचायो !**

**प्रेमले** हाम्रो स्वर्गीय पितालाई जुन कुराको हामी योग्यको थिएनौ र हामीले किन्न सक्दैन थियौं त्यही कुरा हामीलाई सित्तैमा दिनकालागि **उत्प्रेरित** गऱ्यो र **शक्ति** दियो –>उहाँको एकदमै उत्तम **उपहार** –> **उहाँको पुत्र**–> **अनुग्रहद्धारा** हामी बचाइएका छौं !

- २ कोरिन्थी ५:१४–१५ खीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे । उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरु अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरुका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो ।

  हामी जुन कराको योग्यका थिएनौ र जुन हामी किन्न पनि सक्दैनौ त्यो हामीलाई दिनको निम्ति उहाँको **अनुग्रह** उहाँको **प्रेमबाट** बहन्छ । हामीले पनि अरुहरुका लागि त्यही नै गर्नुपर्छ ।

  एफिसी ३:१६–२१ पावलको प्रार्थना हाम्रो पनि प्रार्थना हुनुपर्छ :
  कि उहाँका महिमाको सम्पत्ति अनुसारको शक्तिले उहाँका आत्माद्धारा भित्री मनुष्यत्वमा (तिमी भित्र)तिमीहरुलाई शक्तिशाली पारुन्, १७ र विश्वासद्धारा खीष्ट तिमीहरुका हृदयमा (परमेश्वर प्रेम हुनुहुन्छ) वास गरुन् र प्रेममा (राज्यमा भएका सबै थोक स्थापना भएको जग) जरा गाडिएका र दह्रिला भएर

  **परमेश्वर प्रेम हुनुहुन्छ** (१यूहन्ना ४:८) **अनुग्रह** प्रेमबाट भएर बहन्छ, हामी जुन कुराको योग्यका छैनौ त्यही कुरा **दिएर** –> **मुक्ति**

  **अनुग्रह** उहाँको महान् प्रेमबाट भएर बहन्छ –> हामी जुन कुराको योग्यका थिएनौ त्यो उहाँले हामीलाई **दिनुभएन** –>मृत्यु
  **दया** उहाँको अनुग्रहको सम्पन्नताबाट भएर बहन्छ । र साथै विश्वासद्धारा प्रेमले काम गर्दै । (गलाती ५:६)

जति धेरै **प्रेममा** हाम्रो **जरा गडेको हुन्छ,** सबै **पवित्र आत्माका फलहरु** हाम्रो जीवनबाट बग्न थाल्छ : प्रेम, शान्ति, धैर्य, दया, भलाइ, विश्वास, नम्रता र संयम । गलाती ५:२२

एफिसी ३:१८ मा फेरि हेर्छौं सबै सन्तहरुसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, १९ र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक (किन?), ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरु भरिपूर्ण होओ ।

परमेश्वरको सारा पूर्णताले भरिन जो **प्रेम** हुनुहुन्छ (१यूहन्ना ४:८) यो चाहिँ **शक्ति**द्धारा भरिपूर्ण हुनु हो, जुन अरुहरुलाई उनीहरु जुन कुराको योग्यका छैनन् त्यही कुरा दिन । तत्कालका लागि : अपमानलाई **बिर्स र क्षमा** गर । हिब्रू १०:१७

- उदाहरणका लागि : असल सामरी

२० उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ,

२१ उहाँलाई नै पुस्ता–पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस् । आमेन ।

एफिसी २:१–१० तिमीहरु आफ्ना अपराध र पापहरद्धारा मरेको बेलमा उहाँले
तिमीहरुलाई जीवित पार्नुभयो । २ यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको
मालिक अनुसार, अनाज्ञाकारीताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरु अघि एक
पल्ट चल्दैथियौ । ३ तिनीमध्ये (उनीहरु “को”होइन) हामी सबै पनि शरीर र मनका इच्छा पूरा
गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं,र बाँकी मानिसजस्तै हामी स्वभावैले (
हामीले देखाउँने प्रतिकृयाबाट) कोधका सन्तान थियौं । ४ तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ,
उहाँले आफ्नो महान् प्रेमद्धारा (अनुग्रह प्रेमबाट भएर बहन्छ) हामीलाई प्रेम गर्नुभयो, ५ यसकारण
पापमा हामी मरेका (मृतक मानिसले आफैलाई सहयोग गर्न केही गर्न सक्दैन) भए तापनि उहाँले
हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – **अनुग्रहबाट नै तिमीहरुले उद्धार पाएका छौ** । (ग्रीक
काल अनुसार : अनन्तको भूत कालको समयमा कार्य पूरा गरिएको, साथै अनन्तको भविष्यसम्म
त्यसको परिणाम निरन्र आइ रहेको)

- हिब्रू ५:९ **अनन्तको मुक्ति ।** ७:२५ **सधैंको लागि बचाइएको ।** ९:१२ **अनन्तको उद्धार** ९:१५ **अनन्तको विरासत**

एफिसी २ मा फेरि हेर्छौं :

६ र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरुमा ख्रीष्ट **येशूसँग** **बसाल्नुभयो** ।

अब यो कार्य चाहिँ केवल रगतको कारारद्धारा सकिएको, गरिएको, प्राप्त गरिएको र सिध्याएको कार्य हो । र तपाईले कहिले पनि आफ्नो स्थान गुमाउनुहुन्न !

बाइबलले हामीलाई सिकाउँदछ कि मुक्तिको तीन चरणहरु छन् :

१) **हामीहरु बचाइएकाहरु हौं – अनुग्रहद्धारा सितैमा धर्मि बनाइएकाहरु हौं ।** पापको **ज्याला** देखि –>मृत्यु, र हामीहरुसँग **अनन्तको जीवन छ ।** एफिसी २:५–८ यो उहाँको रगतद्धाराको नयाँ करार हो । **कलस्सी २:१३–१५**

२) **हामीहरु बचाइदैछौं** । १ कोरिन्थी १:१८/२ कोरिन्थी २:१५ हरेक दिन पापको **शक्तिबाट । जसै हामी उहाँको आज्ञापालन गर्छौ** भने यो हाम्रो कर्तव्य हो लूका ६:४६ र **"आफ्नो कूस उठाउँ"** लूका ९:२३; रोमी ६:१–१४. .किनकि पापले तिमीहरु माथि राज्य गर्नेछैन, किनकि तिमीहरु व्यवस्थाको अधीनमा छैनौ, तर **अनुग्रहको** अधीनमा छौ । उदाहरणका लागि : लूका २२:२४ र ३१

३) **बचाइने छन् ।** पापको **उपस्थितिबाट** ख्रीष्टद्धारा हामीहरु यस पृथ्वीबाट उठाई लगिनेछौं, उहाँको दोस्रो अगमनमा वा हाम्रो शरीरको मृत्यु हुँदा । रोमी ५:१० उहाँको पुनरुत्थान हाम्रो पनि पुनरुत्थान हो ।

एफिसी २ मा फेरि हेर्छौं :

७ योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरुमा देखाउनलाई हो । ८ किनभने अनुग्रबाट **विश्वासद्धारा** तिमीहरुले उद्धार पाएका छौ ( ग्रीक काल अनुसार : भूत कालमा कार्य सम्पन्न गरिएको, साथै परिणामाहरुको निरन्तर्ताका साथ) र **यो** (विश्वास) **तिमीहरु आफैबाट होइन,** यो त **परमेश्वरको वरदान** हो, ९ कर्महरुद्धारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ ।

- यो वाक्यमा : ८ किनभने अनुग्रबाट **विश्वासद्धारा** तिमीहरुले उद्धार पाएका छौ र **यो तिमीहरु आफैबाट होइन,** यो त **परमेश्वरको वरदान** हो . . .
- कोहीले भन्छ : "**यो तिमीहरु आफैबाट होइन,** यो त **परमेश्वरको वरदान** हो" **यसले तिमीहरु बचाइएकाछौ** भन्ने बुझाउँछ ।
- तर यो वाक्यले यस्तो तरीले पढिदैन । यो वाक्य दुबै ग्रीक र अङ्ग्रेजीमा पढिन्छ : **तिमीहरु विश्वासद्धारा बचाइएका छौ** र **त्यो** (यसले विश्वासलाई संकेत गर्दछ जसै यसले विश्वासलाई पछ्याएको छ) **तिमीहरु आफैबाट होइन ।**

- यसले पहिले नै देखाई सक्यो कि **अनुग्रहद्धारा** (सित्तैको उपहार) **हामीहरु बचाइएका छौ** त्यसैले यसले यो बयान गरिरहेको छैन कि अनुग्रह **हामीहरु आफैबाट होइन** – यो थाहा भएकै कुरा हो । तर जसै वाक्यलाई पढ्दै जान्छौ : तिमीहरु विश्वासद्धारा बचाइएका छौ र त्यो (विश्वास पनि) चाहिँ तिमीहरु आफैबाट होइन, तर त्यो परमेश्वरको बरदान हो ९ **कर्महरुद्धारा** (हामीहरुको कुनै पनि प्रयासद्धारा) होइन, **नत्रता मानिसले घमण्ड गर्नेछ ।**
- र यस्ताहरु पनि छन् जो आफ्नो विश्वासमा घमण्ड गर्दछन् । याकूब २:१८ . . . **मैले गरेको कामद्धारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु ।**
- र किनभने अनुग्रबाट **विश्वासद्धारा** तिमीहरुले उद्धार पाएका छौ र **यो तिमीहरु आफैबाट होइन,** यो त **परमेश्वरको वरदान** हो ९ **कर्महरुद्धारा** होइन, **नत्रता मानिसले घमण्ड गर्नेछ ।**

४. धेरै पदहरुले यो घोषणा गर्दछन् कि विश्वास प्रभुबाट आउँदछ ।

हिब्रू १२:२ हाम्रे **विश्वास सुरु** गर्नुहुने र **पूरा गर्नुहुने येशू**लाई हेरौ

- **सुरुवातकर्ता** – दुई ग्रीक शव्दहरु : प्रारम्भ गर्नु, सुरु गर्नु र अगुवाई गर्नु वा ल्याउँनु । **येशू, सुरु गर्ने व्यक्ति हुनुहुन्छ** जसबाट विश्वास आउँछ, सुरु हुन्छ र उत्पत्ति हुन्छ ।
- **पूरा गर्ने व्यक्ति** – ग्रीक शव्दमा पूरा गर्नु, सक्काउँनु अर्थ दिन्छ । लूका २२:३२ **तर मैले तिम्रो विश्वास नडगमाओस् भनेर तिम्रो निम्ति प्रार्थना गरें** निरन्तर, रहिरहने विश्वास प्रभुद्धारा र उहाँमा पूरा हुन्छ ।

गलाती ३:२३ तर विश्वास आउन अघि हामी व्यवस्थाको वशमा थियौं,र विश्वास प्रकट नभएसम्म (विश्वास दिलाएको) हामी थुनिएका थियौं ।

- **विश्वास हामीमा आयो । यो हामीमा वा हामीबाट उत्पत्ति हुँदैन ।**
  यसले यो देखाउँछ की **विश्वास आउँन अघि** (संसारको जग बसालिन अघि हामी उहाँका सन्तानहरु थियौं एफिसी १:४) र हामीहरु व्यवस्थाको अधिनमा राखिएका थियौं **विश्वास आउँन अघिसम्म** र हामीहरुले विश्वास गऱ्यौं ।

२४ विश्वासद्धारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो । तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधिनमा छैनौं । **सन्तानहरु जस्तै**

१ पत्रुस १:१–३ पनि हेरौ येशू ख्रीष्टको प्रेरित पत्रुसबाट पोन्टस, गलातिया, कापाडोकिया, एशिया र बिथिनियाभरि निर्वासित भई छरपष्ट भएकाहरुलाई (विदेशिहरु, नगरिकहरु हैन). . ., परमेश्वर पिताद्वारा उहाँको पूर्वज्ञानअनुसार चुनिएकाहरु . . . **उहाँको** महान् कृपाले **हामी** नयाँ गरी जन्मेका छौं । २१ **उहाँद्धारा** परमेश्वरमाथि तिमीहरुको भरोसा छ, जसले ख्रीष्टलाई मृतकबाट जीवित पारेर महिमा दिनुभयो, ताकि तिमीहरुको विश्वास र आशा परमेश्वरमा रहोस् । २३ परमेश्वरको जीवित र नित्य रहने वचनद्धारा, विनाशी (मानिस, संसारीक) होइन तर अविनाशी (स्वर्गिय) वीर्यबाट तिमीहरु नयाँ गरी जन्मेका छौ । २५ तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ ।

मत्ती १६:१५–१७ उहाँले तिनीहरुलाई सोध्नुभयो, तिमीहरु के भन्छौ, म को हे ? १६ सिमोन पत्रुसले जवाफ दिए, तपाई ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र । १७ येशूले तिनलाई भन्नुभयो, योनाको छोरो सिमोन, तिमी धन्य हौ । किनभने **मानिसबाट** तिमीबाट यो प्रकट भएको होइन, **तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो** ।

- यो बुझ्रेर कि जुन कुरा उनले विश्वास गरेका थिए त्यो प्रकाशद्धारा उनलाई प्रकट गरिएको थियो यसैले पत्रुसले तलका कुराहरु लेखेका थिए :

२ पत्रुस १:१ येशू ख्रीष्टको दास र प्रेरित सिमोन पत्रुसबाट र हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकतामा हाम्रो जस्तै अनमोल विश्वास प्राप्त गर्नेहरुलाई:

रोमी १२:३–४ **किनभने मलाई दिइएको अनुग्रहद्धारा तिमीहरुमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढी नसम्झोस् तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस् । उहाँ विश्वासीहरुसँग बोल्दै हुनुहुन्छ** । पद १ हेर्नुहोस् **भाइहरु**

फिलिप्पी १:२९ किनभने ख्रीष्टको निम्ति तिमीहरुलाई यो दिइएको छ, कि तिमीहरुलाई यो दिइएको छ, कि तिमीहरुले उहाँमाथि विश्वास गर्नु मात्र होइन, तर उहाँको खातिर दु:ख पनि भोग्नुपर्छ ।

प्रेरित ३:१६ उहाँको नाउँमाथि गरेको विश्वासले र उहाँकै नाउँले तपाईहरुले देखेका र जानेका यस मानिसलाई बलियो तुल्यायो । येशूबाट पाएको विश्वासको यस मानिसलाई तपाईहरु सबैका सामुन्ने पूरा निको पार्‍यो ।

- ग्रीक (डाए) डाय (डि–अ); प्रथम निपात जसले कार्यको माध्यमलाई सङ्केत गर्दछ । विश्वास हामीमा येशूद्धारा आउँछ । विश्वास उहाँसँग सुरु हुन्छ र हामीलाई दिइएको छ ।

१ पत्रुस १:२१ उहाँद्धारा परमेश्वरमाथि तिमीहरुको भरोसा छ, जसले ख्रीष्टलाई मृतकबाट जीवित पारेर महिमा दिनुभयो, ताकि तिमीहरुको विश्वास र आशा परमेश्वरमा रहोस् । (* मार्फत वा द्धारा – कार्यको माध्यमबाट)

यूहन्ना ३:२७ यूहन्नाले जवाफ दिए, मानिसलाई स्वर्गबाट नदिइएसम्म त्यसले कुनै कुरा पाउन सक्दैन ।

१ कोरिन्थी ४:७ तिमीहरुसित के छ, जो तिमीहरुले पाएका होइनौ ?

एफिसी २:८ किनभने अनुग्रहबाट (परमेश्वरको सित्तैको उपहार) विश्वासद्धारा (वा बाट)तिमीहरुले उद्धार पाएका छौ–र यो तिमीहरु आफैबाट होइन, यो त परमेश्वरको वरदान हो

- यो स्पष्ट गराउँदै कि **मुक्ति हामी आफैबाट आएको होइन ।** तसर्थ, **विश्वास "हामी आफैबाट" आउँन** सक्दैन तर मुक्ति विश्वासबाट वा मर्फत आउँदछ । नत्रत मुक्ति हामी माथि निर्भर हुन्छ ।
- र यस कुरालाई स्पष्ट गराउँन, अझैं पवित्र आत्माले थप्नुहुन्छ "तिमी आफैबाट होइन" स्पष्टसँग **त्यस तर्फ लाने नामलाई** उल्लेख गर्दै, "**विश्वास**," यो पनि हामी अफैबाट आएको **होइन** तर "**परमेश्वरको बरदान हो ।**"

रोमी ४:१६–१७ त्यसैले यो प्रतिज्ञा विश्वासमाथि निर्भर गर्दछ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि (यदि विश्वास हामीबाट आउँछ भने त्यो अनुग्रहबाट आएको हुँदैन–>सित्तैको बरदानबाट) भर परेर अब्राहामका सबै वंशहरुका (शाव्दीक रुपमा : बीउहरु । हामीहरु "त्यस" चुनिएका वशंका हौं) निम्ति पक्का होस् । यो प्रतिज्ञा व्यवस्था पालन गर्नेहरुका निम्ति मात्र नभएर अब्राहामको जस्तो विश्वासमा हुनेहरुका निम्ति पनि हो, किनकि अब्राहाम हामी सबैका पिता हुन् ।

प्रेरित १६:१४–१५ अनि थिआटीरा सहरकी निवासी, बैजनी वस्त्रको व्यापार गर्ने लिडिया नाउँकी एउटी ईश्वरभक्त स्त्रीले हाम्रा वचन सुनिन् । पावलले बोलेका कुरा ध्यानसँग सुनुन् भनेर प्रभुले तिनको हृदय खोलिदिनुभयो ।

२ थेसलोनिकी ३:२ र भ्रष्ट र दुष्ट मानिसहरुबाट हामी छुटकारा पाउन सकौं किनकि सबैसित विश्वास हुँदैन ।

२ थेसलोनिकी २:१३ प्रभुले प्रेम गर्नुभएका भइहरु, तिमीहरुका निम्ति हामी परमेश्वरमा सधैं धन्यवाद चढाउँन बाध्य छौं,किनकि सुरुदेखि नै (१)पवित्र आत्माको पवित्र तुल्याउने कामद्धारा र सत्यतामाथिको (२)विश्वासद्धारा बाँच्नलाई परमेश्वरले तिमीहरुलाई चुन्नुभयो ।

- पवित्रीकरण पवित्र आत्माबाट हुँदछ । “र” भन्ने शव्दले पवित्रीकरण र विश्वासलाई एक आपसमा मिलाएर **विश्वास पनि पवित्र आत्माबाट आउँदछ र मानिसबाट होइन** भन्ने अर्थ दिन्छ ।
- योना २:९ **उद्धार परमप्रभुबाटै हुन्छ ।**

याकूब २:५ मेरे प्रियहरु, सुन, के परमेश्वरले संसारका गरीबहरुलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र ? यहि राज्य उहाँलाई प्रेम गर्नेहरुलाई उहाँले दिने प्रतिज्ञे गर्नुभएको होइन र ?

१ कोरिन्थी १:३० परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरुका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो ।

रोमी १२:३ किनभने मलाई दिइएको अनुग्रहद्धारा तिमीहरुमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढी नसम्झोस् तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस् ।

- प्रभुले ती व्यक्तिहरु सबैलाई “जसलाई उहाँले संसारको जब बसाल्न अघि देखि नै चुन्नुभएको थियो” उनीहरुलाई दिनुभएको छ र जसका नाउँहरु “**जीवनको पुस्तकमा**” लेखिएका थिए –>**विश्वासको नाप**
- तर त्यस **विश्वासको नापबाट भरोसा गर्न**, अब हाम्रो कर्तव्य भनेको त्यस **विश्वासलाई बढाउँनु हो** । **कसरी** ?? सुनेर अनि आज्ञापालन गरेर ।

रोमी १०:१६–१७ तर तिनीहरु सबैले सुसमाचार पालन गरेका छैनन्, किनकि यशैया भन्छन्, हे प्रभु, हामीबाट सुनेको कुरा कसले विश्वास गरेको छ ? १७ **जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ** र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ ।

- जति तपाईले सुन्नुहुन्छ . . जसै तपाई बचन पढ्दा, प्रार्थना गर्दा र दिन भरि . . तपाईको विश्वास बढ्नेछ ।

उदाहरणका लागि :

प्ररित ३:१६ उहाँको जाउँमाथि गरेको विश्वासले र उहाँकै नाउँले तपाईहरुले देखेको र जानेका यस मानिसलाई बलियो तुल्यायो । येशूबाट (डाइ) पाएको विश्वासले यस मानिसलाई तपाईहरु सबैका सामुन्ने पूरा निको पार्‍यो ।

- (डाइ) त्यसको कारण, वा द्धारा । कार्यको माध्यम

गलाती ३:५ जसले तिमीहरुलाई पवित्र आत्मा दिनुहुन्छ र तिमीहरुका माझ आश्चर्यकर्महरु गर्नुहुन्छ के यो सबै उहाँले व्यवस्थाका तिमीहरुका कामको कारणले गर्नुभएको हो, कि सुनेका वचनमा तिमीहरुले विश्वास गरेको कारणले हो ?

र सुन्न चाहिँ प्रभुबाट दिइन्छ :

यशैया ५५:११ त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ । त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ ।

व्यवस्था २९:४ तर आजसम्म परमप्रभुले तिमीहरुलाई बुझ्ने मन, देख्ने आँखा र सुन्ने कान दिनुभएको छैन ।

मर्कूस ४:९–१२ अनि उहाँले भन्नुभयो, जसको सुन्ने कान छ, त्यसले सुनोस् । (यो संकेत गर्दै कि सबै जानासँग सुन्नका लागि कान छैनन्) १० जब उहाँ एकलै हुनुभयो, तब बाह्र जना चेलाहरु र उहाँको वरिपरि भएकाहरुले उहाँलाई दृष्टान्तको विषयमा सोधे । ११ उहाँले तिनीहरुलाई भन्नुभयो, परमेश्वरका राज्यको रहस्य **तिमीहरुलाई दिइएको** छ, तर **बाहिरकाहरुलाई** भने सबै कुरा दृष्टान्तमा भनिन्छ । १२ कि तिनीहरु हेर्न त हेर्छन्, तर देख्दैनन्, **सुन्न त सुन्छन् तर बुझ्दैनन्,** नत्रता तिनीहरुले पश्चाताप गर्नेथिए, र तिनीहरुको पाप क्षमा हुनेथियो । (यशैया ६:९–१०)

लूका ८:८ कतिचाहिँ असल जमिनमा परे, र उम्रेर सय गुणा फल फलाए । यत्ति भनेपछि उहाँले उच्च सोरले भन्नुभयो, जसको सुन्ने कान छ, त्यसले सुनोसर । (यो संकेत गर्दै कि सबै जानासँग सुन्नका लागि कान छैनन्)

यूहन्ना ८:४३–४७ मैले भनेको तिमीहरु **किन** बुझ्दैनौ ? किनभने **तिमीहरुले मेरो वचन सुन्न सक्दैनौ** । ४४ तिमीहरु आफ्नो पिता दियाबलसका हौ, र तिमीहरुका पिताको इच्छा पूरा गर्ने तिमीहरुको सङ्कल्प छ । त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन । किनभने त्यसमा केही सत्य छैन । जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो । ४५ म सत्य बोल्दछु तर तिमीहरु मलाई विश्वास गर्दैनौ । ४७ **जो परमेश्वरको हो, त्यसले परमेश्वरका वाणी सुन्दछ । तिमीहरु परमेश्वरका होइनौ, यसैकारण तिमीहरु सुन्दैनौ ।**

यूहन्ना १०:२६–२८ तर तिमीहरु विश्वास गर्दैनौ, किनभने तिमीहरु मेरा भेडामध्येका होइनौ । २७ मेरा भेडाहरुले मेरो सोर सुन्छन् र तिनीहरुलाई म चिन्छु, र तिनीहरु मेरो पछि आउँछन् । २८ तिनीहरुलाई म अनन्त जीवन दिन्छु, र तिनीहरु कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरुलाई मेरो हातबाट खोसी लैजानेछैन ।

- स्पष्टसँग यो संकेत गर्दै कि यस्ता भेडाहरु पनि छन् जुन अरुका हुन् ।

रोमी ५:५ आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा **परमेश्वरको प्रेम** हाम्रा हृदयमा खन्याइएको छ ।

- प्रभुले आफ्नो प्रेम हाम्रो हृदयमा खनाउँनुभयो ।

गलाती ५:६ येशू ख्रीष्टमा . . . **प्रेमद्वारा विश्वासले काम गरेको** ।

- विश्वास चाहिँ परिणाम स्वरुप आएको हो, वा बाट आउँछ –> हामीहरुको हृयदमा खनाउँनुभएको उहाँको प्रेमबाट ।
- यसैले **विश्वास हाम्रो, वा हामीबाट आएको होइन** यो प्रभुले हामीहरुको हृदयमा खनाउँनुभएको **प्रेम**बाट सुरु भएको हो र **विश्वास** त्यस प्रेमबाट फैलदै र बढ्दै जान्छ । हामी जति धरै उहाँले हामीहरुका लागि गर्नुभएको कामहरुका बारेमा पढ्छौं **त्यति नै धेरै हाम्रो प्रेम र हाम्रो विश्वास बढ्छ ।** तर यो सबै परमप्रभु, हाम्रा पिताले हाम्रो हृदयमा खनाउँनुभएको उहाँको प्रेमबाट सुरु हुन्छ ।

## सबै अनुग्रहको कारणले मात्र हो

**अनुग्रहद्वारा तिमीहरु बचाइएका छौं र छुटकारा पमप्रभुबाट आउँछ ।**

भजनसंग्रह ३:८ यूहन्ना २:९

५. उहाँको अनुग्रहद्वारा हामीहरुको न्याय गरिएको छ

**न्याय गर्नु** भनेको चाहिँ : **धर्मि बनाउँनु**/छोड्नु /स्वतन्त्र गर्नु/पापबाट छुट्कारा दिनु र “निर्दोष” भनि घोषणा गर्नु । निर्दोष । दोष रहित ।

धर्मि (नाम) र न्याय गरिएको (क्रिया) भन्ने शव्दहरु एकै खाल्को ग्रीक शव्द हो ।

रोमी ३:२२–२७ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्धारा प्रकट भएको छ । किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् । २४परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैंमा धर्मी ठहरिएका छन् । २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्धारा प्रायश्चितको बलिदान (संतोषजनक बलिदान)स्वरुप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्धारा ग्रहण गर्नुपर्दछ । यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरुलाई उहाँले वास्ता गर्नभएको थिएन ।

रोमी ४:५–८ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यो मानिसको विश्वास धार्मिकता गनिन्छ । ६ परमेश्वरको कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ तिनीहरु धन्यका हुन्, जसका अपराधहरु क्षमा भएका छन्, र जसका पापहरु ढाकिएका (रगतद्वारा) छन् ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न ।

रोमी ५:१२–२१ एक जना मानिसद्धारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेको हुनाले सबै मानिसमा मृत्यु फैलियो । १३ व्यवस्था दिइन अघि पनि संसारमा पाप थियो तर जहाँ व्यवस्था छैन त्यहाँ पापको लेखा पनि हुँदैन । १४ आदम देखि लिएर मोशासम्मका मानिसहरुमाथि मृत्युले राज्य गऱ्यो, तिनीहरुमाथि पनि जसले आदमले गरेजस्तो अपराध गरेका थिएनन् । ती आदमचाहिँ आउनुहुनेको प्रतिरुप थिए । १५ सित्तैँको वरदान र त्यस अपराधमा केही समानता छैन । किनकि एक जना मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन् बढी परमेश्वरको अनुग्रह र एक जना मानिसको अर्थात् येशू ख्रीष्टद्धारा आएको सित्तैँको वरदान धेरैका निम्ति प्रशस्त भयो । १६ सित्तैँको वरदानचाहिँ त्यस एक जना मानिसको पापको नतीजाजस्तै होइन । किनकि एउटा अपराधको इन्साफले दण्डको आज्ञा ल्यायो, तर धेरै अपराधका पछि आउने सित्तैँको वरदानले निर्दोषीकरण ल्याउँछ । १७ यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्धारा मृत्युले राज्य गऱ्यो भनेता झन् बढी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैँको बरदान पाउनेहरुले एउटै मानिस येशू ख्रीष्टद्धारा जीवनमा राज्य गर्नेछन् । १८यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरु दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले **सबै मानिसका निम्ति** (२ कोरिन्थी ५:१९ हेर)धर्मी ठहराएर जीवन ल्याउँछ । १९ किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्धारा धेरै जना धार्मिक बनाइनेछन् । २० व्यवस्था आयो र अपराधको बृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढी मात्रामा बढ्यो, २१ यस हेतुले कि जसरी पापले मृत्युमा राज्य गऱ्यो, त्यसै गरी **येशू ख्रीष्ट हाम्रा प्रभुद्धारा अनुग्रहले धर्मी ठहराएर अनन्त जीवनसम्म राज्य गरोस्** ।

६. हामीहरुले उहाँको अनुग्रहद्धारा उद्धार पाएका छौँ

उद्धार गर्नु भनेको अर्थ चाहिँ “जुन हाम्रो हो त्यो कुरालाई फेरि किन्नु हो ।”

हामीहरु प्रभुका थियौँ – उहाँले हामीलाई संसारको जग बसाल्न अघि नै चुन्नुभएको थियो ( एफिसी १:४) तर किनभने आदमको कारणले गर्दा हामीहरु पापमय स्वभावसँग जन्मेका थियौँ तसर्थ यसले शैतानलाई हामी माथि कानुनि अधिकार दियो ।

येशू शैतानको अन्धकारको राज्यमा प्रवेश गर्नुभयो र हामीहरुको **स्वतन्त्रताको** लागि **मूल्य तिर्नुभयो**, हामीहरुको **उद्धारको** लागि मूल्य तिर्नुभयो ।

१ पत्रुस १:१८–२० तिमीहरु जान्दछौ, कि आफ्ना पितापुर्खाबाट आएका व्यर्थका कुराहरुदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरुद्धारा दाम तिरी तिमीहरु **छुट्ट्याइएका** होइनौ, तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो **खीष्टको अनमोल रगतद्धारा** दाम तिरी छुट्ट्याइएका छौ ।

- **मूल्य** चाहिँ . . . **किन्नका लागि तिरेको मूल्यबाट थहा हुन्छ** ।
- यसैले, **तपाई कतिको मूल्यवान् हुनुहुन्छ** ? मानिसहरु कतिका मूल्यवान् छन् ?

हिब्रू ९:१२ बोका र बाछ्राहरुको रगतले होइन, तर आफ्नै रगतद्धारा अनन्त उद्धार प्राप्त गरिदिएर सबैंको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो । १५ यसैकारण उहाँ **नयाँ करारका** मध्यस्थ हुनुहुन्छ, यस हेतुले कि बोलावट भएकाहरुले प्रतिज्ञा गरिएको अनन्त उत्तराधिकार प्राप्त गरुन्, किनकि एक जनाको मृत्युको मोल भइसकेको छ, जसद्धारा पहिलो करारको समयमा भएका अपराधहरुबाट उद्धार पाइन्छ ।

यसकारण अब खीष्ट येशूमा भएकाहरुलाई दण्डको (न्याय छैन) आज्ञा छैन । पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले खीष्ट येशूमा मुक्त पारेको छ । रोमी ८:१–२

प्रभु येशूले हामीलाई किन्नु मात्र भएन तर : उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ । १४ उहाँमा हाम्रो उद्धार, अर्थात् पापको क्षमा छ । कलस्सी १:१३

७. अनुग्रहद्धारा उहाँको रगतले हामीहरुलाई क्षमा गर्नुभएको छ

हिब्रू ९:२२ वास्तवमा, व्यवस्थाअनुसार रगतले प्राय : सब थोक शुद्ध पार्दछ र **रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन ।**

एफिसी १:७ उहाँको अपार अनुग्रह अनुसार खीष्टको रगतद्धारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं ।

हिब्रू ९:२६ उहाँले. . . आफ्नै बलिद्धारा **पाप हटाउनलाई**

हिब्रू १०:१७–१९ तब उहाँ भन्नुहुन्छ, तिनीहरुका पाप र तिनीहरुका दुष्कर्महरु म फेरि सम्भनेछैन (अनुग्रह) ।. . . यसकारण भाइ हो, येशूको रगतद्धारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ ।

१ यूहन्ना ३:५ पाप हरण गर्नलाई नै उहाँ प्रकट हुनुभएको हो भन्ने कुरा तिमीहरु जान्दछौ । र उहाँमा कुनै पाप छैन । हामीहरु “खीष्टमा” छौं (रोमी ८:१, १ कोरिन्थी १:३०, २ कोरिन्थी ५:१७)
प्रकाश १:५ विश्वासयोग्य साक्षी येशू खीष्टदेखि मृतकबाट प्रथम जीवित हुनुभएको, तथा पृथ्वीका राजाहरुका शासकको तर्फबाट । हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेलाई,

भजनसंग्रह १०३:१०–१२ उहाँले हामीसँग हाम्रा पाप अनुसारको व्यवहार गर्नुहुन्न (अनुग्रह), अनि हाम्रा अधर्मअनुसार हामीलाई दण्ड दिनुहुन्न (अनुग्रह)। ११ किनकि पृथ्वीबाट स्वर्ग जत्ति अग्लो छ, उहाँका भय मान्नेहरुमाथि उहाँको करुणा त्यत्तिकै महान् छ। १२ पश्चिमबाट पूर्व जत्ति टाढा छ, उहाँले हाम्रा अपराधहरु हामीबाट त्यत्तिकै टाढे हटाइदिनुभएको छ ।

- हामी प्रति उहाँको प्रेमद्धारा बहेको **अनुग्रह**ले मात्र हो ।

कलस्सी २:१३–१५ तिमीहरु आफ्ना अपराध र शरीरअनुसार बेखतनामा मरेका थियौ, (उहाँको अनुग्रहद्धारा) तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर (उहाँले यो कसरी गर्नुभयो ?) उहाँसँगै जीवित पार्नुभयो,(कसरी ?) (१४) र हाम्रो विरुद्धमा रहेको तमसुक र त्यसका सबै कानूनी दाबीहरुलाई क्रूसमा कीला ठोकी रद्द गरिदिनुभयो ।(यसको परिणाम के थियो ?) १५ उहाँले प्रधानताहरु र शक्तिहरुलाई निःशस्त्र पारी ती सबैमाथि क्रूसमा विजय प्राप्त गर्नुभयो,

- शैतानको हतियार भनेको नै झूट र छल हो । “ज्योतिका दूत” २ कोरिन्थी ११:१४
- त्यसको हतियार भनेको नै पाप हो ।
  र तिनलाई खुल्लमखुल्ला तमाशा बनाइदिनुभयो ।

सार्वजनिक प्रदर्शन : एक रोमी जर्नेल, जब उनले आफ्ना शत्रुहरुलाई पराजित गर्थे, उनले तिमीहरुको सबै सुरक्षाकवच, हतियारहरु, उनीहरुको लुगाहूरु सबै खोसेर लिन्थे र उनका पराजित भएका शत्रुहरुलाई रोमका बाटोहरुमा हिँड्न लगाउँथे । यो एक सार्वजनिक प्रदर्शन र उनको विजयको परेड थियो ।

र अब उहाँले हामीलाई विजय दिनुभएको छ :

१ कोरिन्थी १५:५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्धारा विजय दिनुहुन्छ ।

- हामी प्रति उहाँको प्रेमद्धारा बहेको **अनुग्रह**ले मात्र हो ।

८. उहाँको अनुग्रहद्धारा उहाँको रगतले हामीहरुलाई फेरि उहाँसँग मिलापमा ल्याएको छ

**फेरि मिलापमा आउँनुभनेको चाहिँ** : सहि सम्बन्ध पुनर्स्थापना गर्नु हो, मित्रताको सम्बन्ध पुनर्स्थापना गर्नु हो, शान्ति पुनर्स्थापना गर्नु हो । आदमसँगको उहाँको सम्बन्धलाई पुनर्स्थापना गर्नु हो ।

हाम्रो पापले हामीलाई हाम्रो पिताबाट छुट्याएको थियो । यशैया ५९:२ तर तिमीहरुका अधर्मले तिमीहरुलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन्, र तिनीहरुका पापले गर्दा उहाँको मुहार तिमीहरुबाट छेकिएको छ, र उहाँले तिमीहरुको कुरा सुन्नुहुनेछैन ।

२ कोरिन्थी ५:१७–२१ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई खीष्टद्धारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो,

- पावलले कोरन्थीका मन्डलीका विश्वासीहरुलाई लेखिरहेका छन् । उनले भनि रहेका छन् कि सबै नयाँ भएर जन्मने विश्वासीहरु **सेवक** हुन् । हाम्रो सेवकाइ चाहिँ के हो . . . ?

(१९) अर्थात स्वयम् खीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग **मिलापमा ल्याउँदैहुनुहुन्थ्यो** । **तिनीहरुका अपराधका लेखा नलिएर** मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ ।

- १ यूहन्ना २:२ उहाँ हाम्रा पापका निम्ति प्रायश्चित (सन्तुष्टि)हुनुहुन्छ र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि ।
- यूहन्ना १:२९ भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा !
- यो चाहिँ सुसमाचार हो जुन हामीले सबैलाई बताउँनु पर्छ, किनभने . . .

उहाँले हामीलाई सुम्पिदिनुभएको छ ।(२०) यसकारण हामी खीष्टका राजदूतहरु हौं, र परमेश्वरले हामीद्धारा अनुरोध गरिरहनुभएको छ । खीष्टकै पक्षमा हामी तिमीहरुलाई बिन्ती गर्दछौं, कि तिमीहरु परमेश्वरसँग मिलापमा आओ ।

- राजदूत झैं हामी परमेश्वरका लागि बोल्दछौ जसै परमेश्वरले हामीद्धारा गर्दै हुनुहुन्छ
- हामी येशूको तर्फबाट तपाईलाई बिन्ति गर्दछौं कि, **परमेश्वरसँग फेरि मिलापमा आउँनुहोस्** प्रभुले तपाईका लागि गर्नुभएको कुरालाई स्वीकार गर्नुहोस् !!
- **हामीहरु मिलापमा** ल्याइएका छौं –> परमप्रभु परमेश्वरसँगको सहि सम्बन्धमा पुनर्स्थापित हुनुहोस्, किनभने . .

(२१) किनकि हामी उहाँमा **परमेश्वरको धार्मिकता** बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो ।

- परमेश्वरको अनुग्रहद्धारा र येशूको रगतद्धारा पहिले नै गरिएको छ । अब बाँकि भनेको चाहिँ त्यसलाई विश्वास गर्नु र प्राप्त गर्नु हो ।

कलस्सी १:२२ तर आफ्नो सामुन्ने तिमीहरुलाई पवित्र, निष्खोट र निर्दोष प्रस्तुत गर्न खीष्टका मासुको शरीरमा उहाँको मृत्युद्धारा तिमीहरुलाई उहाँले अब मिलापमा ल्याउनुभएको छ

१ कोरिन्थी १:८ हाम्रा प्रभु येशू खीष्टको दिनमा तिमीहरुलाई दोषरहित राख्न उहाँले तिमीहरुलाई अन्त्यसम्मै सुदृढ राख्नुहुनेछ ।

फिलिप्पी १:६ मलाई यो दृढ विश्वास छ, जसले तिमीहरुमा एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशू खीष्टको दिनमा त्यो पुरे गर्नुहुनेछ । प्रभुले सुरु गर्नुभएको प्रभुले नै अन्त गर्नुहुन्छ । उहाँले आफ्नो कोहीलाई पनि गुमाउनु हुदैन ।

रोमी ५:१० किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्धारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढी अब उहाँसँगै मिलाप भएका हुनाले खीष्टको जीवनद्धारा हामी बचाइनेछौं ।

उहाँले **सबै**सँग मिलाप मात्र गर्नुभएको छैन तर उहाँले **सबै**लाई किन्नु पनि भएको छ ।

२ पत्रुस २:१ जसरी इश्राएलीहरुका माझमा झूटा अगमवक्ताहरु पनि थिए, त्यसरी तिमीहरुका माझमा झूटा शिक्षकहरु खडा हुनेछन् । यिनीहरुले गुप्त रुपले विनाशकारी झूटा शिक्षाहरु ल्याउनेहरु, यहाँसम्म कि तिनीहरुलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरुले इन्कार गर्नेछन्, र आफैमाथि चाँडै विनाश ल्याउनेछन् ।

उहाँले **सबैसँग मिलाप** गर्नुभयो र उहाँले **सबैलाई किन्नु** भयो . . . त्यसो भए के यसको अर्थ यो हो कि अब सबै स्वर्ग जानेछन् ? होइन **!** किनभने . . .

## यस्तो एउटा पाप छ जसले मृत्युमा पुऱ्याउँछ :

येशूले भन्नुभयो, पवित्र आत्माको बारेमा बोल्दै, :यूहन्ना १६:८–१० अनि अब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ । ९ पापको विषयमा, किनभने तिनीहरु ममाथि विश्वास गर्दैनन्,

- यही "पापले मृत्युमा पुऱ्याउँछ" –> अनन्तको मृत्युमा पुऱ्याउँछ ।

यसले **त्यस प्रश्नको** उत्तरु दिन्छ : "यदि परमेश्वर प्रेमको परमेश्वर हुनुहुन्छ भने, उहाँले कसरी कसैलाई नरक पठाउँनुसक्नु हुन्छ ?"

**उत्तर :** उहाँले त्यस्तो गर्नुहुन्न । मानिसहरु आफैले आफैलाई पठाउँछन् जब उनीहरुले उहाँको अनुग्रह जुन सित्तैको उपहारलाई त्यागदछन् जसको लागि उहाँले ठूलो मूल्य तिर्नुभएको थियो ।

**हामीहरुले** खीष्टको पक्षमा बिन्ती गर्दछौ, कि तिमीहरु परमेश्वरसँग मिलापमा आओ ।

२ कोरिन्थी ५:२०

**हामीहरुले** उनीहरुलाई प्रशस्त **अनुग्रह** र **धार्मिकताका** सित्तैंको वरदान **पाउनसक** रोमी ५:१७

हामीहरु उहाँको राजदूत, उहाँको पूजहारी भएकाले सबै जानालाई येशूको रगतले हामीहरुका लागि गर्नुभएको सुसमाचार सबै जानालाई सुनाउँनु हाम्रो कर्तव्य हो ।

जसले **विश्वास** गर्छन् र **स्वीकार** गर्छन् उनीहरुका लागि नै अनन्तको जीवन छ "बाटो, सत्य र जीवन " – येशू ख्रीष्ट । (यूहन्ना १४:६)

अरु शव्दहरुमा : येशूको रगतलाई **स्वीकार गर्न वा त्याग्न** सकिन्छ ।

९. येशूको रगतले हामीलाई शुद्ध वा पवित्र बनाउँछ

(उस्तै ग्रीक शव्द : शुद्ध किया हो, पवित्र नाम हो)

हिब्रू १३:१२ यसकारण येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरुलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो ।

एन आई भी ले यसो भन्छ : यसकारण येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरुलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो । हिब्रू १३:१२

हिब्रू १०:१० त्यही इच्छाबाट येशू ख्रीष्टका शरीरको बलिद्वारा सदाको निम्ति हामी पवित्र बनाइएका छौँ ।

प्रेरित २६:१८ . . . कि तिमीले तिनीहरुका आँखा खोलिदेऊ, र तिनीहरु अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कून् । यसरी तिनीहरुले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरुको स्थान तिनीहरुले पनि पाउनेछन् ।

शुद्ध र पवित्र भन्ने शव्दहरुले दुई अर्थ दिन्छन् :

१. येशूको रगतद्वारा मात्र विश्वासीहरु **पवित्र** (शुद्ध, सफा, धर्मि)बनाइन्छन् किनभने "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौँ भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो" २ कोरिन्थी ५:२१

२. हामीहरु शुद्ध र पवित्र बनाइएका छौँ भन्ने सत्यले हामीलाई अरु सबै थोकबाट **अलग राख्छ** । **सामान्य** र **साधारणबाट** अलग गराइएर, **विशेष प्रयोगका लागि समर्पित गरिएकाहरु हौँ** ।

तिमी पवित्र बनाइएकाछौ र अन्य सबै थोकहरुबाट अलग गराइएकाछौ – तसर्थ **हामीहरु त्यसरी नै ज्यून पर्छ :**

१ पत्रुस १:१४–१६ **आज्ञाकारी** बालकहरु भएका हुनाले अगाडिको अजान अवस्थाका कुइच्छाहरुमा तिमीहरु अब नलाग । (१५) तर तिमीहरुलाई बोलाउनुहुने जस्तो **पवित्र हुनुहुन्छ, तिमीहरु आफै**

**पनि** जीवनका सबै रहनसहनमा **पवित्र होओ**, (१६) किनभने यो लेखिएको छ, **तिमीहरु पवित्र होओ, किनभने म पवित्र छु।**

तिमी गलग गराइएकाछौ, विशेष कामका लागि समर्पित गरिएकाछौ :

१ पत्रुस २:९ तर तिमीहरु त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका नीजि प्रजा हौ (किन ?) । उहाँले तिमीहरुलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरु उहाँका आश्चर्यपूर्ण कार्यहरुको घोषणा गर्न सक । तपाईका शव्दहरु तपाईको जीवनद्धारा समर्थित हुनुपर्छ ।

प्रस्थान ११:४–८ यसैले मोशाले भने, परमप्रभु यसो भन्नुहुन्छ : मध्यराततिर म मिश्रको बीचबाट भएर जानेछु । ५ सिंहासनमा बस्ने फारोको जेठो छोरादेखि लिएर जाँतो पिँध्ने कमारीको जेठो छोरासम्म , गाईबस्तुका सबै पहिले जन्मेका समेत, मिश्रका सबै पहिले जन्मेका मर्नेछन् ।. . .७ तर पशुको विरुद्धमा होस् वा मान्छेको विरुद्धमा होस् इश्राएलीहरुका बीचमा एउटा कुकुर पनि भुक्नेछैन । तब तिमीहरुकले थाहा पाउनेछौ कि परमप्रभुले मिश्रीहरु र इश्राएलीहरुमा भेद राख्नुहुन्छ । **उहाँका मानिसहरु र संसारका मानिसहरुका बीचमा ।** जसै तपाई परमेश्वरको सन्तान हुनुभएकोले गर्दा, तपाई सबै जाना भन्दा बेग्लै हुनुहुन्छ ।

थुमाको **रगत** नै थियो जसले यो **भिन्नता ल्यायो,** जसले उनीहरुलाई अरु मानिसहरुबाट **अलग गराई**, उनीहरुलाई **विशेष व्यवहार** र **विशेष काम** दियो ।

१०. अनुग्रहद्धारा उहाँको रगतले हामीलाई धुनु भयो :

अर्को अत्यावश्य कुरा जुन येशूको रगतले हामीलाई प्रदान गर्ने भनेको चाहिँ हाम्रो **दैनिक पापबाट निरन्तर धुइने** जसले हामीलाई येशू र एक अर्कासँग – **परिणाम– संगति/सहभागिता/घनिष्टता** प्रदान गर्दछ ।

पढ : १ यूहन्ना १:५–१० पद ७ : तर उहाँ ज्यातिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिंड्छौं भने, एक अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।

**कृपया ध्यान दिनुहोस् :** येशूको रगतको यो विशेषता भनेको शुद्धिकरणको लागि हो, जसले परिणाम स्वरुप येशू र एक अर्कासँगको संगतिमा ल्याउँदछ ।

यो यही **सर्तमा** निर्भर छ :

**हामी के गर्छौ – हामी कसरी जीउँछौं – हामी कसरी हिड्छौं** (ज्योतिमा) । यो हाम्रो गवाहीको महत्वपूर्ण भाग हो । हामी कसरी दिनदिनै जीइरहेका छौं र हामीले के भन्छौं त्यो मात्र होइन ।

११. येशूको रगतले निरन्तर हाम्रो लागि मध्यस्थता गर्दछ ।

हिब्रू १२:२२–**२४** तर तिमीहरु त सियोन पर्वतमा आएका छौ, जीवित परमेश्वरको सहर, स्वर्गीय यरुशलेममा, र असंख्य स्वर्गदूतहरुको आनन्द उत्सवमा आएका छौ । . . .२४ र नयाँ करारका मध्यस्थ येशूको सम्मुख तथा छर्किएको त्यस रगतको सामु आएका छौ, जसले हाबिलको रगतभन्दा अझ उत्तम वचन बोल्दछ ।

कयिनले आफ्नो भाइ हाबिलको हत्या गऱ्यो । उनले त्यस पछि त्यसको जिम्म लिन अस्वीकार गऱ्यो तर प्रभुले भन्नुभयो : यो तैंले के गरिस् ? तेरो भाइको रगतले भूमिबाट मलाई दुहाई दिइरहेछ । उत्पत्ति ४:१०

हाबिलको रगतले प्रतिशोधका लागि गुहार गरिरहेको छ । येशूको रगतले असल बोल्छ – **निरन्तर** प्रभुले **दया** र **क्षमा**का लागि **बोल्नुभन्दा** अघि – हामृ लागि मध्यस्थता गर्दै ।

येशूको रगत – परमेश्वरको अनुग्रहद्धारा – सधैँ उपस्थित, अनन्त, हामीलाई न्याय प्रदान गर्ने, हाम्रो धार्मिकता, हाम्रो उद्धार, क्षमा, पुनर्मिलन, पवित्रीकरण, र शुद्धिकरण ।

सबै परमेश्वरको अनुग्रहद्धारा

र

परमेश्वरको थुमाको रगतद्धारा जो

येशू ख्रीष्ट हो

१२ प्रभुको इच्छा पूरा हुनेछ, किनभने उहाँ सार्वभौमिक हुनुहुन्छ ।

भजनसंग्रह ३३:८–१२ सारा पृथ्वीले परमप्रभुको भय मानोस् संसारका सारा निवासीहरुले उहाँको भक्ति गरुन् । किनकि उहाँका मुखको वचनले सारा सृष्टि रचियो, उहाँले आज्ञे गर्नुभयो र त्यो स्थिर रहयो । परमप्रभुले जाति जातिका योजनाहरु रद्द तुल्याउनुहुन्छ, उहाँले मानिसहरुका विचार विमर्शलाई विफल तुल्याउनुहुन्छ । तर परमप्रभुका योजनाहरु सदा स्थिर रहन्छन्, उहाँको हृदयका विचार पुस्तौंसम्म रहिरहन्छन् । त्यो जाति धन्यको हो, जसको परमेश्वर परमप्रभु हुनुहुन्छ, ती मानिसहरु, जसलाई आफ्नो उत्तराधिकारको निम्ति उहाँले चुन्नुभयो ।

यशैया १४:२४–२५ सर्वशक्तिमान् परमप्रभुले यसो भनेर शपथ खानुभएको छ, जो योजना मैले बनाएको छु, त्यो निश्चय नै पूरा हुनेछ । जो अभिप्राय मैले गरेको छु, त्यो स्थिर रहनेछ ।

यशैया ४३:१३ हो, प्राचीन समयदेखि नै म उही हुँ । मेरो हातबाट कसैले छुटाउन सक्दैन । जब म काम गर्छु, त्यसलाई कसले उल्टाउन सक्छ ?

यशैया ५५:११ त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ । त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ ।

लूका १०:२२ मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ । पुत्र को हो भनी पिताबाहेक कसैले जान्दैन । पिता को हुनुहुन्छ भनी पुत्रले बाहेक, र पुत्रले उहाँलाई जसकहाँ प्रकट गर्ने इच्छा गर्दछ, त्यसले बाहेक अरु कसैले जान्दैन ।

यूहन्ना ६:३९ र मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरुमध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरुलाई अन्त्यको दिनमा जीवित पारुँ ।

यूहन्ना १८:९ तपाईले मलाई दिनुभएकाहरुमध्ये एउटालाई पनि मैले गुमाइनँ भनी उहाँले भन्नुभएको वचन पूरा होस् भनेर यो भयो ।

रोमी ९:११ र जुम्ल्याहा बालकहरु जन्मनु अघिबाटै, तिनीहरुले कुनै असल वा खराब गर्न अघि नै, कर्मले होइन तर उहाँको बोलावट अनुसार परमेश्वरका चुनाउको उदेश्य ठहरिओस् भनेर

एफिसी १:११ उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्राय अनुसार

कलस्सी १:२६–२८ युग युग र पुस्तौंदेखि गुप्त रहेको यो रहस्य अब उहाँका सन्तहरुलाई प्रकट भएको छ । २७ यस रहस्यको महिमामय सम्पत्ति अन्यजातिहरुमा कति महान् छ, त्यो कुरा आफ्ना सन्तहरुलाई प्रकट गर्न परमेश्वरले चुन्नुभयो । यो रहस्य ख्रीष्ट तिमीहरुमा हुनु हो, जो महिमाको आशा हो ।

याकूब १:१८ हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ । बदली रहने छायाजस्तो उहाँमा कुनै हेरफेर हुँदैन ।

१ पत्रुस ४:६ यसैकारण मृतकहरुलाई पनि सुसमाचार सुनाइयो, ताकि तिनीहरुले मानिसहरुजस्तै शरीरमा इन्साफ पाए तापनि आत्मामा तिनीहरु परमेश्वरजस्तै जिऊन्

यहूदा २४ अब, जसले तिमीहरुलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ, र जसले तिमीहरुलाई आनन्दसहित उहाँकै महिमाको सामने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ ।

मेरो आशा केवल येशूको रगत र उहाँको अनुग्रहमा निर्माण भएको छ . . .

यदि हामी हाम्रो अनन्तको मुक्तिका लागि केही कुरा थप्छौं वा **केही कुरा** हेर्छौं भने, हामीहरु भनिरहेका हुन्छौं की अनुग्रह र येशूको रगत पर्याप्त छैन !

हिब्रू १०:२९–३० तिमीहरु आफै विचार गर: परमेश्वरका पुत्रलाई खुट्टामुनि कुल्चने, आफूलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र (वा पर्याप्त छैन) बनाउने र अनुग्रहका आत्मालाई अपमान गर्नेचाहिँ झन् कति बढी कडा दण्डको योग्य ठहरिनेछ ।

हिब्रू १३:९ विभिन्न र अनौठो शिक्षाको भ्रममा नपर । किनकि खाने पिउने कुरा सम्बन्धित विधिद्वारा होइन, तर अनुग्रहद्वारा हृदय सुदृढ (सशक्तिकरण गरिएको) भएको असल हो । त्यस्ता विधि पालन गर्नेहरुको उपकार भएको छैन ।

तीतस ३:५ तब हामी आफैले धार्मिकतामा गरेका कामबाट (हाम्रो बलमा) होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नीवकरण उहाँले हामीलाई मुक्ति दिनुभयो ६ जो उहाँले हाम्रा मुक्तिदाता येशू खीष्टद्वारा हामीमाथि प्रशस्त गरी खन्याउनुभयो ७ ताकि उहाँको अनुग्रहले धर्मी ठहरिएर हामी अनन्त जीवनको आशा राख्ने उत्तराधिकारी बन्न सकौं ।

- अनन्तको जीवनका लागि येशूले सबै थोक हाम्रो लागि गर्नुभयो र हामीलाई सित्तैमा दिनुभयो . . . **अनुग्रहद्वारा तिमी बचाइएकाछौ ।**
- त्यस जवान धनी शासकले उनको जवानी अवस्था देखि नै सबै व्यवस्थालाई पालन गर्दै आएको, उनका सबै कामहरु, उनको बल, र **परमेश्वरको अनुग्रहद्वारा** दिइएको सित्तैको उपहारलाई नलिएको

हिब्रू १२:१५ ध्यान देओ, कि कुनै मानिस परमेश्वरको अनुग्रह प्राप्त गर्नदेखि वञ्चित नहोस् ताकि तीतोपनको जरो उम्रेर आईकन त्यसले फूट नल्याओस् र धेरै जनालाई अशुद्ध नपारोस् ।

- **वञ्चित गरि** र **परमेश्वरको अनुग्रहलाई** नलिइ तर यो भन्दै कि हामीहरुले "व्यवस्थालाई अनन्तको जीवनसम्म राख्नुपर्छ" भन्ने भनाईले धेरैमा खीष्टीयनहरु प्रति तितोपन ल्याउँदछ, विशेष गरी जवानहरुमा ।
- उहाँले हामीलाई क्षमा दिनका लागि अनुग्रह (शक्ति) दिनुहुन्छ नत्रत तितोपनको जरा फैलदै हामीमा समस्या ल्याउँछ ।

यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसे होस् ।

सबै परमेश्वरको अनुग्रहद्वारा

र

परमेश्वरको थुमाको रगतद्वारा जो

येशू खीष्ट हो

तर परमेश्वरलाई धन्यबाद होस् जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्धारा विजय दिनुहुन्छ । १
कोरिन्थी १५:५७